नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मन्थली, रामेछाप

०४८-५४०३३३
०४८-५४०१३३
०४८-५४०३७०
फ्याक्स नं. ०४८-५४००८८
०४८-५४०५०१

पत्र संख्या :-

चलानी नं :-

(.............................. फाँट

# संविधान दिवस मनाउने सम्बन्धि सूचना !

३१ भाद्र २०७७

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान, २०७२ आश्विन ३ गते जारी भएको उपलक्ष्यमा हरेक बर्ष विविध कार्यक्रम गरेर संविधान दिवस मनाउँदै आएकोमा यस बर्ष विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को कारण विगतका बर्षमा जस्तै भौतिक उपस्थितीमा दिवस मनाउन कठिनाई भएको छ ।

सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७७/०५/२२ गते बसेको संविधान दिवस मूल समारोह समितिको बैठकबाट भएको निर्णय बमोजिम मिति २०७७ साल आश्विन २, ३ र ४ गते प्रत्येक जिल्लामा देहाय बमोजिम कार्यक्रम गरी मनाइने निर्णय भए बमोजिम संविधान दिवस मनाउनु हुन जिल्ला स्थित स्थानीय तहहरु, राजनैतिक दल, सुरक्षा निकाय, सबै सरकारी, गैरसरकारी कार्यालय, संघसंस्था, नागरिक समाज, संचार माध्यम तथा जिल्लावासी सम्पूर्ण महानुभावहरुमा जिल्ला प्रशासन कार्यालय रामेछाप हार्दिक अनुरोध गर्दछ ।

**कार्यक्रमहरु:**

१. प्रदेश तथा स्थानीय तहका सम्पूर्ण सरकारी निकाय/प्रतिष्ठान, संघसंस्था, कार्यालयमा राष्ट्रिय झण्डा फहराउने तथा आम सर्बसाधारणले असोज २,३ र ४ गते घर-घरमा साँझमा दीप प्रज्वलन गर्ने ।

२. स्थानीय संचार माध्यम तथा पत्रपत्रिकाबाट संविधानसँग सम्बन्धित विभिन्न सन्देश तथा कार्यक्रमहरु प्रकाशन-प्रसारण गर्ने ।

३. विभिन्न मन्दिर, बुद्ध विहार, मस्जीद, चर्च एवं गुरुद्वार लगायतका धार्मिक स्थानहरुमा नित्य पूजा गर्दा राष्ट्र, राष्ट्रियता, स्वतन्त्रता र संविधानका लागि आफ्नो जीवन उत्सर्ग गर्ने ज्ञात-अज्ञात शहीदहरुको आत्माको चीरशान्तिका लागि राष्ट्रको तर्फबाट उच्च सम्मान र श्रद्धाञ्जली प्रकट गर्दै पूजापाठ तथा प्रार्थना गर्ने ।

साथै कोभिड-१९ को महामारीका कारण उत्पन्न असहज परिस्थितिमा यसको रोकथाम तथा नियन्त्रणमा सदव्रै सहयोग, सहकार्य गरी पुऱ्याउनु भएको योगदानको उच्च प्रसंशा गर्दै सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

..........................
रुद्रादेवी शर्मा
प्रमुख जिल्ला अधिकारी